# पुनर्वास नगरपालिकाको
# नगर प्रहरी संचालन सम्बन्धि कार्यविधि,२०७७

**कार्यपालिकाबाट पारित:-** २०७७।१२।२५

**पुनर्वास नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**पुनर्वास,कञ्चनपुर**

**सुदूरपश्चिम प्रदेश,नेपाल**

# पुनर्वास नगरपालिका
# नगर प्रहरी सम्बन्धि कार्यविधि,२०७७

**कार्यपालिकाबाट पारित:-** २०७७।१२।२५

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ का उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी पुनर्वास नगरपालिकाले यो नगर प्रहरी सम्बन्धि कार्यविधि २०७५ बनाई लागु गरेको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम "पुनर्वास नगरपालिकाको नगर प्रहरी सम्बन्धि कार्यविधि २०७७" रहेको छ ।

२) यो कार्यविधि पुनर्वास नगरपालिका नगरकार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ ।

**२) परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "पुनर्वास नगरपालिका" भन्नाले पुनर्वास नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "मुख्य कार्यालय" भन्नाले नगरपालिका रहेको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले पुनर्वास नगरपालिकाको नगर प्रहरी छनौटका लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(ङ) "नगर प्रहरी" भन्नाले पुनर्वास नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) "स्थायी पद" भन्नाले म्याद नतोकिएको पुनर्वास नगरपालिकाको नगरसभा द्वारा स्वीकृत स्थायी पदलाई सम्झनु पर्दछ ।

(छ) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा बासौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(ज) "भत्ता" भन्नाले पुनर्वास नगरपालिकाले समय समयमा तोकि दिए बमोजिमको भत्ता लाई सम्झनु पर्दछ ।

(झ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(ञ) "नगर सभा" भन्नाले पुनर्वास नगरपालिकाको "नगर सभा" सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पुनर्वास नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईको अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले पुनर्वास नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ड) जवान भन्नाले अधिकृत बाहेकका प्रहरी जवान समझनु पर्दछ ।

(ढ) नगर प्रहरी कर्मचारी भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

(ण) बढुवा समिति : नगरपालिकाबाट गठित समितिलाई सम्झनु पर्दछ ।

(त) नगर प्रमुख भन्नाले : पुनर्वास नगरपालिकाको प्रमुख लाई सम्झनु पर्दछ ।

(थ) नगरकार्यपालिका भन्नाले : पुनर्वास नगरपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

(द) संरक्षक भन्नाले : दफा ६ बमोजिम को संरक्षक लाई सम्झनु पर्दछ ।

(ध) कानुन शाखा भन्नाले : न्याय कानुन तथा मानवअधिकार प्रवर्द्धन उपशाखालाई सम्झनु पर्दछ ।

**३) कार्यविध को व्याख्या :**

क) कुनै अधिकारीले यस कार्यविधिको दफा प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले पुनर्वास नगरपालिकाको नगरकार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख) कार्यविधि ३ (क) को सम्वन्धमा पुनर्वास नगरपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

ग) यस कार्यविधि को व्याख्या नगरकार्यपालिकाले गरे बमोजिम हुनेछ ।

## परिच्छेद– २
## नगर प्रहरी सेवा गठन रेखदेख, नियन्त्रण र संरक्षक

**४) नगर प्रहरी सेवाको गठन :**

१) पुनर्वास नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरी सेवाको गठन र नगर प्रहरी कर्मचारीहरुको संख्या नगर सभाले तोके बमोजिम हुनेछ ।

२) नगर प्रहरीको रेखदेख नियन्त्रण न्याय, कानुन तथा मानवअधिकार प्रबद्धन शाखाले गर्नेछ ।

**५) पुनर्वास नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :**

१) नगर सभाले तोकिए बमोजिम का पद र तह रहनेछन् ।

२) पुनर्वास नगरपालिकाले प्रत्येक पदको कार्य वितरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**६) नगर प्रहरीको संरक्षक नगर प्रमुख हुनेछ ।**

## परिच्छेद – ३

**नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार**

**७) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धि व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने ।

२) पुनर्वास नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

४) पुनर्वास नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

५) छाडा पशु पक्राउ गरी लिलामी प्रकृया अगाडी बढाउन, लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने, गराउनेमा सहयोग गर्ने ।

६) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने, तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु बध गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

८) छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्ने ।

९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने, जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश र भत्काउने आदेश भए भत्काउने ।

१०) वडासमिति, टोलविकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११) नगरकार्यपालिका, समिति, उपसमिति, विभाग तथा आयोजनाहरुबाट लागुहुने नीति, निर्णय र कानुन कार्यान्वयनमा सहयोग गर्ने ।

१२) नगरको सुव्यवस्था कायम गर्ने, पुनर्वास नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

१४) पुनर्वास नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्न प्रतिवेदन सहित जाहिरी गर्ने ।

१५) विना ईजाजत व्यानर, होडिङ्ग बोर्ड, पोलबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

१६) पुनर्वास नगरापालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा पुनर्वास नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

१७) नापतौलका सामाग्री चोक जाँच गर्ने , पसाल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

१८) होटल , रेष्टुरेन्ट , गेष्ट हाउस , मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

१९) पुनवास नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा जादु सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

२०) पुनर्वास नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने । गाउ स्तरमा वडा कार्यलयको नियमको पालना गर्न लगाउने ।

२२) शहरमा ध्वनि, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा संचालनमा रोक लगाउने ।

२३) क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी संचालकहरु को सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२४) दमकल (Fire-Brigade) सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

२५) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

२६) पुनर्वास नगरपालिका मातहतका विभाग, महाशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२७) पुनर्वास नगरपालिका अर्न्तगतका विभाग, शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२८) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

२९) पुनर्वास नगरपालिकाले कर्मचारी र निर्वाचित पदाधिकारीहरुको सुरक्षागार्डको रुपमा काम गर्ने, गराउने ।

३०) पुनर्वास नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

३१) स्थानिय स्तरमा उत्पाद हुने दैनिक उपभोग्य सामानको बजार प्रवर्द्धन तथा व्यवस्थापन गर्न मित्रराष्ट्र भारतबाट अवैधानिक रुपमा आयात हुने सामग्रीहरुमा रोक लगाउने । (सागपात, माछा-मासु, अन्डा, कुखुरा)

## परिच्छेद – ४

**तह विभाजन र पदपूर्ति**

**८) स्थायी पद श्रृजना तथा दरबन्दी खारेज :**

१) पुनर्वास नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहाका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगरकार्यपालिकाको सिफारिसमा नगर सभाले निर्णय गरे वमोजिम हुन्छ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण , मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था , आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी नगरसभा समक्ष पेश गर्नु पर्नेछ ।

**९) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी सेवा करारमा नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

१) नगर प्रहरी सहायक निरीक्षक

२) नगर प्रहरीजवान

**१०) नियुक्ति गर्ने अधिकारी :** छनौट समितिको सिफारिसमा पुनर्वास नगरपालिकाले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**११) छनोट गर्ने तरिका :** नगर प्रहरी देहाय बमोजिम भर्ना / छनौट गर्न सकिनेछ ।

१) नगर प्रहरी सहायक निरीक्षक तथा नगर प्रहरी जवान पदमा खुल्ला प्रतियोगिता द्वारा र हवलदार पदमा बढुवा द्वारा छनौट गरिनेछ ।

२) माथि ११ (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकालाई परेको खण्डमा विगतमा प्रहरी , सेना , सशस्त्र प्रहरीमा काम गरिसकेका व्यक्तिहरु मध्यबााट निश्चित समयका लागि नगरपालिकाले ज्यलादारी /सेवा करारमा वा सुरक्षा सम्बन्धि काम गर्ने सेवा प्रदायक कानुनी मान्यता प्रप्ता कम्पनी/संस्थाबाट समेत निश्चित समयका लागि नगर कार्यपालिकाको स्वकृती लिई सेवा लिन सकिनेछ ।

**१२) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :**

१) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

२) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

३) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

४) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको घटीमा ५ फिट २ इन्च उचाईभएको ।

५) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको र तौल ५० के.जि. र महिला को हकमा ४२ के.जि. हुनु पर्ने ।

६) आँखा माइनस २ प्लस २ भन्दा बढी कमजोरनभएको

७) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

८) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१३) खुल्ला प्रतियोगितामा भाग लिने आवश्यक न्यूनतम योग्यता :**

१) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :

क) दरखास्त आव्हान गरेको तोकिएको अन्तिम म्यादका दिन १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको र वहालवाल नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।

ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेका सहायक निरीक्षक अन्य ।

ग) अन्य दफा १२ मा तोकिए बमोजिम हुनेछ ।

२) नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता :

क) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको तोकिएको अन्तिम म्याद का दिन १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट SLC पास गरेको ।

३) दफा ११ (२) बमोजिम नगरपालिकालाई आवश्यक परेको वखत विगतमा प्रहरी, सेना, सशस्त्र प्रहरीमा काम गरिसकेका व्यक्तिहरु मध्येबाट निश्चित समयका लागि ज्यालादारी/सेवा करारमा लिदा उमेरको हद लागु हुनेछैन ।

**१४) छनौट समिति :** पुनर्वास नगरपालिका नगरकार्यपालिकाको बैंठकले तोके बमोजिम गठन गरिएको छनौट समिति रहनेछ ।

**१५) छनौट समितिको काम, कर्तव्य र अधिकार :**

(१) छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) दफा ११ (१) बमोजिम पदपूर्तिको कार्य गर्ने ।

ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

ग) पदपूर्ति कार्यतालिका बनाउने ।

घ) परीक्षाको किसिम तोक्ने ।

ङ) पदपुर्तिका लाीग विज्ञापन प्रकाशन गर्ने ।

च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

छ) नियुक्तिका लागि सिफारिश गर्ने ।

ज) प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा रहि छनौट समितिले तोकिएका छनौट सँग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) छनौट समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा छनौट गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**१६) योग्यताक्रम सूचि तयार गर्ने :**

१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूचि तयार गरी छनौट समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्तपदको बढीमा १५ प्रतिशत सम्म योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

२) दफा १६ (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र पुनर्वास नगरपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

४) दफा १६ (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१७) जेष्ठताक्रम कायम गर्ने :**

१) नगर प्रहरीको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

२) वैकल्पिक उम्मेदवारहरुले छ महिना सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूचि स्वतः खारेज हुनेछ ।

**१८) परीक्षणकाल :**

१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीको एक वर्षको परीक्षणकाल हुनेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ ।

**१९) नियुक्ति सदर :**

१) दफा १८ (१) बमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक र आधारभूत तालिममा समेत उत्तीर्ण भएमा पुनर्वास नगरपालिकाको प्रमुख समक्ष तोके बमोजिम शपथ ग्रहण गराएर मात्र पुनर्वास नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतबाट करार सेवा नियुक्ति सदर गरिनेछ ।

२) दफा १८ (१) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद – ५

**बढुवा समिति**

**२०) बढुवा समिति :**

पुनर्वास नगरपालिकाको नगरप्रहरी कर्मचारीहरुको बढुवा गर्न पुनर्वास नगरपालिकाका नगरकार्यपालिको बैठकले तोकिए बमोजिमको बढुवा समिति गठन गरिने छ । सो समितिको सिफारिसमा नगरपालिकाले बढुवा गर्नेछ ।

**२१) बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्ने नसक्ने :** अन्य जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको बढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

क) निलम्बनमा परि निलम्बन भएको अवधिभर

ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर ।

ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म

घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म ।

ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

**२२) बढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधार :** नगर प्रहरी कर्मचारीहरुको बढुवा गर्दा नगर प्रहरी समितिले निधारण गरे बमोजिम हुनेछ ।

**स्पष्टिकरण :** सेवा करारमा भर्ना वा नियुक्ति भएका कर्मचारीहरुको बढुवा गरिने छैन ।

## परिच्छेद-७

**विदा सम्वन्धि व्यवस्था**

**२३)विदा सम्वन्धित व्यवस्था देहाय वमोजिम हुनेछ ।**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन । विदा अधिकार होइन सहुलियत हो ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई कममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजमका विदा पाउनेछन :

१) भैपरी आउने र पर्व विदा
२) घर विदा
३) विरामी विदा
४) किरिया वदा
५) प्रसुती विदा
६) प्रसुती स्याहार विदा

**२४) विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :**

(१) यस कार्यविधि वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) उपदफ (१) को उल्लंघन गरी हाजिर हुने नगर प्रहरी कर्मचारीलाई पुनर्वास नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर गैर हाजिर भएको अवधिको लागी बिदाको निवेदन गरी सोविदा स्वीकृत भएको यो नियम उल्लंघन गरेको मानिने छैन ।

**२५) भैपरी/पर्व विदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक वर्षमा १२ दिनमा नबढाई भैपरी/पर्वविदा पाउने छ । उक्त वदा आधा दिन पनि लिन पाइनेछ तर संचित गर्न पाउनेछैन ।

**२६) घर विदा :**

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक बर्ष ३० दिनमा दरले घर विदा पाउने छ ।

(२) घर विदा बढीमा एक सय असी दिन सम्म सञ्चित राख्न सकिनेछ ।

(३) नगर प्रहरी कर्मचारीलाई वर्षमा एक घर विदा जाँदा  र विदा भुक्तान गरी घरबाट आफनो कार्यालयमा आउँदा हिडनु पर्ने भएमा ७ कोशको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाई जहाजको वाटोको लागी जति  दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) निलम्वनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको घर विदा, भत्ता र पोशाक सुविधा पाउने छैन ।

**(२७) विरामी विदा :**

(१) आफ्नो पदको कर्तव्य पालना गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारीस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको  १२ दिन तलव, भत्ता र विरामी विदा पाउने छ ।

(२) नगर  प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिन सम्मको पेश्की विदा दिन सकिनेछ ।

३) प्रहरी कर्मचारीले विरामी बिदा सञ्चित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजले सञ्चित बिरामी बिदा बाफत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलबका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ । तर संचित बिदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरी कर्मचारीको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

४) सात दिनभन्दा बढी अवधिको बिरामी बिदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी बिदा दिन सक्नेछ ।

५) कुनै ठुलो वा गम्भिर रोग लागेको कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरी दिएको प्रमाण-पत्र पेश गरेमा नगर प्रहरी कर्मचारीले बढीमा ४५ दिनसम्म थप बिरामी बिदा पाउन सक्नेछ । यस्तो बिरामी बिदा लिन नगर प्रहरी कर्मचारीको पाकी सकेको वा पाक्ने घर बिदाबाट प्रत्येक दुई दिन थप बिरामी बिदा वापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।

६) कुनै ठुलो वा गम्भिर रोग लागी उपचार गर्न बिरामी बिदा र घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाण-पत्र पेश गरी नगर प्रहरी कर्मचारीले पछि पाउने बिरामी बिदा र घर बिदाबाट कट्टा हुने गरी पैतालीस दिनसम्म थप बिरमी बिदा पेश्कीको रुपमा लिन सक्नेछ । त्यसरी पेश्की बिरामी बिदा लिई बसेको नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता पाउनेछ ।

७) पेश्की बिरामी बिदा लिने नगर प्रहरी कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको बिरामी बिदा स्वतः मिनाहा हुनेछ ।

८) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको बिरामी बिदा पाउने छैन ।

**२८) किरिया बिदा :**

१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरियाबिदा पाउनेछ । यस्तो बिदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई पनि दिईनेछ ।

२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता पाउनेछ ।

**२९) प्रसूती बिदा :**

१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसुती बिदा पाउनेछ ।

२) प्रसुती बिदा महिला नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता पाउनेछ ।

३) प्रसूती बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै पुनर्वास नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

४) उल्लेख भएअनुसारको बिदाको अभिलेख कर्मचारीको बिदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

**३०) प्रसूती स्याहार बिदा :**

१) प्रसूती स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै पुनर्वास नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ ।

२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन सक्नेछ । यो बिदा सेवा अवधिमा दुई पटक सम्म पाउनेछ ।

३) प्रसूति स्याहार बिदामा बस्ने कर्मचारीले पुरा तलब, भत्ता पाउनेछ ।

४) प्रसूति स्याहार बिदा लिने नगर प्रहरी कर्मचारीको बिदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नु पर्नेछ ।

५) सुत्केरी स्याहार बिदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण-पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**३१) बिदा स्वीकृत गर्ने अधिकार देहाय बमोजिमको अधिकारी लाई हुने छ ।**

| **बिदाको किसिम** | **बिदा स्वीकृत गर्ने अधिकारी** |
|---|---|
| १. भैपरी आउने/पर्व बिदा | नगर प्रहरी प्रमुख |
| २. घर बिदा | प्रशासकिय अधिकृत |
| ३. बिरामी बिदा | प्रशासकिय अधिकृत |
| ४. प्रसूति बिदा | प्रशासकिय अधिकृत |
| ५. किरिया बिदा | प्रशासकिय अधिकृत |

यस्ता स्वीकृत भएका बिदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन तथा संगठन विकास शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

**३२) बिदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदा पछि किरिया बिदा वा प्रसूति बिदा बाहेक अर्को किसिमको बिदमा परिणत गराउन पाइने छैन ।

**३३) सार्वजनिक बिदा गाभिने :** भैपरी आउने र पर्व बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ ।

**३४) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलबकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन । साथै आर्थिक वर्षमा पाउने भैपरि/पर्व बिदा, बिरामी बिदा, घर बिदा समाप्त भए पछि मात्र संचित घर बिदा कट्टा गर्न सकिनेछ ।

**३५) बिदा लिने विधि :**

१) यस परिच्छेद बमोजिम बिदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको बिदाको अवधि, कारण समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफु हाजिर रहेको शाखा/उपशाखा मार्फत बिदा स्वीकृत गर्ने प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । बिदा स्वीकृत भए नभएको सम्बन्धित शाखा प्रमुखले सम्बन्धित कर्मचारीलाई जानकारी दिनु पर्नेछ ।

२) कुनै किसिमको बिदा स्वीकृत दिने प्रशासकिय अधिकृतले परिस्थिति लाई ध्यानमा राखी मात्र बिदा दिने वा नदिने निर्णय गर्नेछ ।

३) भैपरी आउने बिदाको सम्बन्धमा बिदा स्वीकृत गर्ने प्रशासकिय अधिकृतले उपनियम (१) बमोजिम दरखास्त नदिए पनि आफनो तजबीचबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो बिदाको स्वीकृत दिन सक्नेछ ।

४) देहायमा लेखिए बमोजिमका कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले बिदाको लागि दरखास्त परेको मिति भन्दा अगाडि देखि पनि बिदा बस्न पाउने गरी निवेदकलाई बिदा दिन सक्नेछ ।

(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने ।

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने । तर बिदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप बिदको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाईएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

**३६) बिदाको अभिलेख :** बिदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको बिदाको अभिलेख किताब खडा गरी लगत राख्ने र प्रशासन लाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

**३७) निकासा लिन नभ्याएमा :** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी बिदामा नबसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो बिदा स्विकृत हुने देखिएमा निजले त्यस्तो सूचना बिदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

**३८) गयल खाली जनाउने :** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ पुनर्वास नगरपालिका प्रशासनमा पठाई सके पछि सम्बन्धित नगर प्रहरी कर्मचारीले बिदा स्वीकृत हुन पर्ने व्यहोरा दर्साई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानबिन र जाँच पडताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

**३९) झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठा कारण देखाई बिरामी बिदा, किरिया बिदा र प्रसूति बिदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

**४०) तालिम अवधिमा बिदा बस्ने बारे :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक बिदा र किरिया बिदा बाहेक साधारणतया अरु कुनै बिदा दिइनेछैन ।

**४१) सञ्चित बिदा उपभोग गर्न पाउने :** यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित सेवासर्त सम्बन्धी दफा बमोजिम कुनै नगर प्रहरी कर्मचारीको घर बिदा वा बिरामी बिदा सञ्चित रहेको भए निजले सो सञ्चित बिदा यस कार्यविधि बमोजिम उपभोग गर्न पाउनेछ । तर करार सेवाको कर्मचारीहरुले करारमा उल्लेख गरे बमोजिम मात्र बिदा पाउनेछन् ।

**स्पष्टिकरण :** सेवा करारमा भर्ना वा नियुक्ति भएका कर्मचारीहरुलाई भैपरी/पर्व बिदा, किरिया बिदा मात्र उपलब्ध गराईने छ । तर भैपरि/पूर्व बिदा संचित गर्न पाईने छैन ।

## परिच्छेद– ८

### आचरण

**४२) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरीकुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले पुनर्वास नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुनैन ।

**४३) चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले पुनर्वास नगरपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**४४) सम्पत्तिको विवरण दिनुपर्ने :**

(१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियुक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र पुनर्वास नगरपालिका भित्र तोकिएको कर्मचारी समक्ष सम्पत्तीको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ती र शेयर, बैंक मौज्दातको विवरण ।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

३. उपदफा १ बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४५) पुनर्वास नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :**

नगर प्रहरी कर्मचारीले पुनर्वास नगरपालिका द्वारा अथवा विशेषरुपमा अख्तियार नपाई आफ्नो कर्तव्य को पालना गर्दा स्थानीय निकाय वा गैरसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**४६) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले पुनर्वास नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहन पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

४७) **पुनर्वास नगरपालिकाको आलोचना गर्न नहुने :** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा पुनर्वास नगरपालिकाको नीतिको विरुद्ध असर पर्ने गरी अथवा पुनर्वास नगरपालिका र पुनर्वास नगरबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

४८) **निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनितिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारको प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

४९) **राजनीतिमा भाग लिन  नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भग लिन, राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

५०) **समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारण तया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

५१) **अनुशासन र आज्ञापालन :**

१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परतको साथ पालन गर्नुपर्दछ ।

२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उच्च आदर देखाउनुपर्नेछ ।

५२) **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

५३) **बहुविवाह, बालविवाह, अनमेल विवाह प्रतिबन्ध :** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीकोमहलको विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन । मुलुकी ऐन बिहाबारीको महलको विपरीत गरेको प्रमाणित भएमा स्वतः पदबाट खारेज भएको मानिनेछ ।

## परिच्छेद– ९

### सजाय र पुनरावेदन

५४) **सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने ।

५. लापरवाही गरी पुनर्वास नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

५५) **नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमानिजको चालचलन सम्बन्धित प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

५६) **तलब वृद्धि वा पदोन्नति रोक्ने :** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

५७) **दर्जा र तलब घटाउने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र पुनर्वास नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरण सम्बन्धी दफा उल्लखन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्ष भित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिब कारण नभई वा बिदा बिदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

५८) **नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदिय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा ।

ख) राजनीतिमा भाग लिएमा ।

ग) बारम्बार अनुशासन हीनताको काम गरेमा ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषी प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दिको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभाबी गरेमा ।

च) भ्रष्टाचार गरेमा ।

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आंचरण नगरेमा ।

ज) आंचरण सम्बन्धी नियमहरु बारम्बार उल्लंखन गरेमा ।

झ) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा ।

**५९) सजाय सम्बन्धी कार्यविधि :**

१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ ।

२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लगिएको उल्लेख गरी, हुनसक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अर कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस कार्यविधि बमोजिमको कार्यविधिको रित पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपनर्पे भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुक गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझि कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुने नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्न परेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ । तर यस्तो निलम्बनको अवधि ३ महिनाभन्दा बढी हुनेछैन ।

५) उपदफा (४) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलव भत्ताको एक चौथाई दिइनेछ ।

६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

क) निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सो समते) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएका मिति देखिको बाँकी तलव भत्ता पाउने छैन ।

ख) कुनै कर्मचारी पुनर्वास नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

**६०) सजायको आदेश दिने :** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिनसक्ने छ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**६१) सेवाको अन्त गर्ने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस कार्यविधि बमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै ।

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा ।

**६२) पुनरावेदनको कार्यविधि :** सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ । पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ । तर पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

**६३) नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलव भत्ता पाउने :** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुर्नवहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मिति देखि पुर्नवहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलव वृद्धि पाउने भए तलव वृद्धि समेत निजले पाउनेछ ।

**परिच्छेद– १०**

**अवकाश,उपदान**

**६४) अनिवार्य अवकाश :**

१) यो कार्यविधि जारी भएपछि वा अगाडी नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहाय बमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पुरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

क) नगर प्रहरी सहायक निरीक्षक – ५८ वर्ष

ख) नगर प्रहरी  हवल्दार/नगर प्रहरी जवान – ५८ वर्ष

२) उमेरको हद, पदको अवधि वा सेवा अवधि मध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ ।

**स्पष्टीकरण :** नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाब गर्दा देहाय बमोजिम गरिनेछ :

क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्र किटिएको  जन्म मिति वा वर्षबाट हुन आउने उमेर  ।

ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

३) यस कार्यविधि बमोजिम उपदान पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले नोकरीबाट अवकाश दिनेछ ।

४) यो कार्यविधि प्रारम्भ हुँदा नगर प्रहरी सेवामा वहाल रहेका नगर प्रहरी कर्मचारीले उपदफा (१) बमोजिम अवकाश प्राप्त गर्दा प्रचलित नगर प्रहरी नियमावली बमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधि समेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने उपदान हिसाब गरिनेछ ।

**६५) उपदान :** पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेको तर राजीनामा स्वीकृति गराई सेवाबाट हटेमा वा भविष्यमा स्थानीय निकायको सेवामा सामान्यतः अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछ ।

क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब ।

ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक महिनाको निमित्त आखिर एक महिनाको तलब ।

ग) पन्ध्र वर्ष देखि २० वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी साढे एक महिनाको तलब ।

घ) २० वर्ष देखि २५ वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी दुई महिनाको तलब ।

ङ) पच्चिस वर्ष भन्दा बढी नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी अढाई महिनाको तलब ।

**परिच्छेद – ११**

**तलब, भत्ता**

**६६) तलब भत्ता :** नगर प्रहरी कर्मचारीले नेपाल सरकारको सम्बन्धित स्तरको शुरु नियुक्ति पाएको वा बढुवा भएको मिति देखि नियमानुसार तलब भत्ता पाउने छ ।

**६७) तालिम को व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन पुनर्वास नगरपालिकाले तोकिए बमोजिमको आवश्यकता अनुसार अन्य तालिमहरु पनि दिन सक्नेछ ।

**६८) तालिम संचालन हुने स्थान :** पुनर्वास नगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**६९) तालिमको अवधि :** नगर प्रहरी सेवाको सबै जवानहरुको तालिमको अवधि पुनर्वास नगरपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ ।

**७०) तालिमको अनिवार्यता :**

१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिर्वाय हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लपरवाही देखाई आफ्नो व्यावसयिक ज्ञानप्रति उदासिनता  तथा गैर जिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

२) व्यावसायिक तालिम हासिल गर्न उदाासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैर जिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

**७१) तालिमको पाठ्यक्रम :** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न इलाका प्रहरी कार्यालय प्रहरी समेत रहने एक समितिको गठन हुनेछ ।

**७२) प्रशिक्षार्थीले पाउने सुविधा :** प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित नियमानुसार हुनेछ ।

**७३) तालिम सफल भएमा :** देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ ।

१) नगर प्रहरी (आधारभुत) तालिममा सफल भएका र परिक्षण कालमा रहेका स्थायी नियुक्तिका लागी सामान्यतता योग्य हुनेछन् ।

२) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानमा नियुक्तिको लागी योग्य हुनेछन् ।

**७४) प्रारम्भिक पोशाक :** सबै नयाँ भर्ना हुने जवानहरुलाई नगरपालिकले तोके बमोजिम पोशाक वितरण गरिनेछ ।

**७५) प्रशिक्षक भत्ता :** नगरपालिकाले तोके बमोजिम प्रशिक्षण भत्ता दिइनेछ ।

**७६) अतिथि प्रशिक्षकहरुको पारिश्रमिक :** पुनर्वास नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**७७) आन्तरिक तालिम :** एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतय समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ र ३८ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

## परिच्छेद-१४

**विविध**

**७८) नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

**७९) प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगरपालिकाकाले तोकिए बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**परिच्छेद-१५**

**विविध**

**८०) विभागीय आदेश र निर्देशन :** यस कार्यविधिको परिधिभित्र रहि देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकिय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय ।

**८१) पुरुस्कार :** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रशासनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् ।

**८२) दशैं खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रक प्रत्येक वर्ष चाडबाड खर्चको रुपमा पाउनेछ ।

**८३) अन्य सुविधा तथा व्यवस्था :** पुनर्वास नगरपालिका नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

**८४) बाधा अडकाउ फुकाऊ :** पुनर्वास नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधि मा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नगर सभाले तोकिए बमोजिम हुनेछ ।

**८५) कार्यविधि संशोधन :** यस कार्यविधि मा आवश्यक संशोधन पुनर्वास नगरपालिकाको नगर कार्यपालिकाले गर्ने सक्नेछ ।

**प्रमाणिकरण गर्ने**
**जीवन राज थापा**
**नगर प्रमुख**